जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६७ | २०८३ साल बैशाख ३० गते बुधवार | Wednesday-13-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## सीमावर्ती नाकाबाट तस्करी मौलाउँदै, भारतमा नेपाली चरेशसहित युवक पक्राउ

*शु.आ. सम्बाददाता*
*बारा, २९ वैशाख*




इलाका प्रहरी कार्यालय सिम्रौनगढ, बाराका प्रहरी निरीक्षक किसुन्देव साह (केडी) माथि सीमावर्ती क्षेत्रमा हुने तस्करी तथा अवैध गतिविधिमा संरक्षण दिएको गम्भीर आरोप लागेको छ । स्थानीय बासिन्दा तथा सरोकारवालाहरूले प्रहरी निरीक्षक साहले आफ्नो जिम्मेवारीअनुसार प्रभावकारी कार्यसम्पादन गर्न नसकेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

स्थानीयका अनुसार सिम्रौनगढ क्षेत्रका विभिन्न नाकाबाट दैनिक रूपमा कपडा, खाद्यान्न, मल, धानको बीउ, तयारी कुखुरा तथा अन्य सामग्रीको तस्करी भइरहेको छ । तर त्यसलाई नियन्त्रण गर्नुको सट्टा प्रहरीकै संरक्षणमा गतिविधि बढ्दै गएको आरोप लगाइएको छ ।

स्थानीय स्रोतका अनुसार प्रहरी निरीक्षक साहले घरेलु मदिरा भठी सञ्चालन तथा मदिरा बिक्री वितरणमा संलग्न व्यक्तिहरूलाई संरक्षण दिँदै आएको आरोप छ । साथै, पथालवा घाट, पिपरपाती, बैरिया, बेलदारी, खज्जानी र कोचोर्वा प्रहरी चौकीका इञ्चार्जहरूलाई नियमित सुरक्षा जिम्मेवारीभन्दा बाहिरका गतिविधिमा दबाब दिने गरेको गुनासोसमेत गरिएको छ ।

स्थानीयका अनुसार सिम्रौनगढ नाकाबाट भोला र दीपक समूहले दैनिक ५ देखि ७ वटा मोटरसाइकलमार्फत कपडा तथा चाइनिज स्याउ तस्करी गर्दै आएका

बाँकी तेश्रो पृष्ठमा

## एभरेष्ट छाला उद्योगमा ट्रान्सफर्मर पड्किँदा घाइते मजदुरको मृत्यु, क्षतिपूर्ति माग्दै सडक अवरुद्ध

*शु.आ. सम्बाददाता*
*बारा, २९ वैशाख*



बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-२३ स्थित एभरेष्ट छाला उद्योगमा ट्रान्सफर्मर पड्किएर गम्भीर घाइते भएका एक मजदुरको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु भएपछि आक्रोशित स्थानीयवासी र पीडित परिवारले क्षतिपूर्ति तथा दोषीमाथि कारबाहीको माग गर्दै प्रदर्शन गरेका छन् ।

मृत्यु हुनेमा पर्साको बहुदरमाई नगरपालिका-३ निवासी ४५ वर्षीय चन्द्रजित यादव रहेका छन् । उनी गत वैशाख २२ गते उद्योग परिसरमा ट्रान्सफर्मर जडान गर्ने क्रममा भएको विस्फोटमा गम्भीर घाइते भएका थिए । उपचाररत यादवको मंगलबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

यादवको मृत्यु भएपछि पीडित परिवार, आफन्त तथा स्थानीय बासिन्दाले उद्योग र ट्रान्सफर्मर मर्मतमा संलग्न कम्पनीको लापरवाहीका कारण घटना भएको आरोप लगाउँदै आन्दोलन सुरु गरेका हुन् । प्रदर्शनका कारण पथलैया-वीरगञ्ज सडकखण्ड केही समय अवरुद्ध बनेको थियो ।

स्थानीयले सुरक्षा मापदण्ड बेवास्ता गर्दै जोखिमपूर्ण तरिकाले काम गराइएको आरोप लगाएका छन् । "मजदुरको सुरक्षाभन्दा उद्योगको कामलाई प्राथमिकता दिइयो, त्यसकै परिणाम यो दुःखद घटना हो," एक स्थानीयले बताए ।

पीडित परिवारले दोषीमाथि कानुनी कारबाही, उचित क्षतिपूर्ति तथा घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् । परिवारले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरीसमेत दर्ता गराएको छ । प्रहरीले घटनाको अनुसन्धानका लागि अनमोल गुरुङ र सोनु यादवलाई नियन्त्रणमा लिएको जनाएको छ । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दिलिप क्षेत्रीका अनुसार घटनामा संलग्न अन्य व्यक्तिको पनि खोजी भइरहेको छ । घटनापछि उद्योग क्षेत्रमा कार्यरत मजदुरहरूको सुरक्षा व्यवस्थामाथि पुनः प्रश्न उठेको छ । स्थानीयवासीले उद्योगहरूमा सुरक्षा मापदण्ड कडाइका साथ लागू गर्न र श्रमिकको जीवनसँग खेलवाड गर्ने प्रवृत्तिमाथि नियन्त्रण गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

## ईशनाथको डुमरिया-औरैया सडकखण्ड जीर्णः मर्मत अभावमा स्थानीय र यात्रीलाई सास्ती

*शु.आ. सम्बाददाता*
*रौतहट, २९ वैशाख*



जिल्लाको ईशनाथ नगरपालिका-९ स्थित डुमरियादेखि लवतना गाउँ हुँदै औरैया भारतीय सीमा जोड्ने मुख्य सडक विगत लामो समयदेखि जीर्ण बन्दा स्थानीयवासीले चरम सास्ती भोग्नुपरेको छ । सम्बन्धित निकायले मर्मत सम्भारमा चासो नदिँदा यो महत्वपूर्ण सडकखण्ड अहिले खाल्डाखुल्डीमा परिणत भएको छ ।

दैनिक सयौँको संख्यामा सवारीसाधन र सर्वसाधारण ओहोरदोहोर गर्ने यो सडक खण्ड वर्षायाममा हिलाम्मे र सुख्खायाममा धुलाम्मे हुने गरेको छ । सडकको अधिकांश भागमा ठूला-ठूला खाल्डा परेका कारण यात्रा अत्यन्तै जोखिमपूर्ण बनेको स्थानीयको गुनासो छ ।

सडकको दयनीय अवस्थाका कारण विशेष गरी मोटरसाइकल चालकहरू बढी जोखिममा परेका छन् । स्थानीय जगदीश रौनियारका अनुसार सडकमा जताततै खाल्डाखुल्डी हुँदा दैनिकजसो साना-तिना दुर्घटना हुने गरेका छन् । दिउँसो त जसोतसो देखिन्छ, तर रातिको समयमा यात्रा गर्दा कुन बेला खाल्डोमा परिन्छ भन्ने पत्तै हुँदैन, उनले भने ।

यस्तै स्थानीय दीपेन्द्र गुप्ताले सामान्य वर्षा हुँदा पनि सडकमा ठूला पोखरी जस्तै पानी जम्ने गरेको बताए । सडक बिग्रिएकै कारण आकस्मिक सेवाका एम्बुलेन्स, विद्यालय जाने बालबालिका र किसानहरूलाई आफ्नो उत्पादन बजारसम्म पुऱ्याउन निकै सास्ती हुने गरेको छ । बिरामी लिएर अस्पताल जाँदा सडककै कारण समयमै पुग्न नसकिने अवस्था रहेको गुप्ताको भनाइ छ ।

सडकका कतिपय स्थानमा पुरानो कालोपत्रे पूर्ण रूपमा उप्किएर सडकको पहिचान नै हराउन थालेको छ । स्थानीय बद्री गुप्ताले नालाको उचित व्यवस्थापन नहुँदा घरपालुवा जनावर र वर्षाको पानी सडकमै बग्ने गरेको बताए । हामीले पटक-पटक सडक मर्मत र स्तरोन्नतिका लागि वडादेखि नगरपालिकासम्म माग राख्यौँ, तर अहिलेसम्म कसैले पनि हाम्रो समस्या सुन्ने प्रयास गरेको छैन, उनले गुनासो गरे ।

यो सडकखण्ड केवल स्थानीय आवतजावतका लागि मात्र नभई भारतीय सीमावर्ती क्षेत्र जोड्ने भएकाले व्यापारिक दृष्टिकोणले पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । दैनिक उपभोग्य वस्तुको ढुवानी, सीमापार व्यापार र प्रशासनिक कामका लागि नागरिकहरू यही सडकमा निर्भर छन् ।

वर्षायाम नजिकिँदै गर्दा सडकको अवस्था अझै बिग्रने डरले स्थानीयवासी त्रसित छन् । उनीहरूले वर्षा सुरु हुनुअघि नै खाल्डाखुल्डी पुरेर सडकलाई पुरानै अवस्थामा फर्काउन वा नयाँ कालोपत्रेको प्रक्रिया अगाडि बढाउन स्थानीय प्रशासन र नगरपालिकाको ध्यानाकर्षण गराएका छन् ।

## विद्यालय व्यवस्थापन समितिको संरचनामा परिवर्तन, फेटा गाउँपालिकाद्वारा नयाँ व्यवस्था लागू

*शु.आ. सम्बाददाता*
*बारा, २९ वैशाख*




बारा जिल्लाको फेटा गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिको संरचनासम्बन्धी नयाँ कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले सामुदायिक विद्यालयहरूलाई पत्राचार गर्दै संशोधित कानुनी व्यवस्थाअनुसार विद्यालय व्यवस्थापन समिति पुनः सञ्चालन गर्न निर्देशन दिएको हो ।

फेटा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाद्वारा जारी पत्रमा शिक्षा ऐन, २०२८ अन्तर्गतको व्यवस्थामा भएको संशोधनलाई आधार बनाउँदै विद्यालय व्यवस्थापन समितिमा रहने केही सदस्यहरूको पद स्वतः समाप्त भएको उल्लेख गरिएको छ । पत्रअनुसार यसअघि विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी तथा विद्यालयलाई दश लाख रुपैयाँ वा सोभन्दा बढी आर्थिक सहयोग गरेका व्यक्तिमध्येबाट मनोनीत गरिने एक महिला सहित दुई जना सदस्य रहने व्यवस्था थियो । तर नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ मार्फत उक्त प्रावधान हटाइए पछि अब त्यस्ता सदस्य स्वतः पदमुक्त भएको मानिने जनाइएको छ ।

गाउँपालिकाले अब विद्यालय व्यवस्थापन समितिमा सात सदस्यीय संरचना मात्र कायम रहने स्पष्ट पारेको छ । साथै, हटाइएको प्रावधान अन्तर्गत मनोनीत भई सदस्य वा अध्यक्ष बनेका पदाधिकारीहरू पदमुक्त भइसकेकाले बाँकी सदस्यहरू मध्येबाट अध्यक्षको कार्यसम्पादन गर्ने निर्णय गरी विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय कामलाई नियमित रूपमा सञ्चालन गर्न अनुरोध गरिएको छ । फेटा गाउँपालिकाले जारी गरेको यो निर्देशनपछि गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको व्यवस्थापन संरचनामा प्रत्यक्ष प्रभाव पर्ने देखिएको छ । कतिपय विद्यालयमा नेतृत्व परिवर्तन हुने सम्भावना रहेको स्थानीय शिक्षा क्षेत्रका सरोकारवालाहरूले बताएका छन् ।

शिक्षा क्षेत्रमा पारदर्शिता, कानुनी स्पष्टता तथा विद्यालय व्यवस्थापनलाई व्यवस्थित बनाउने उद्देश्यले यस्तो निर्णय गरिएको गाउँपालिकाको भनाइ छ ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# कलैयामा उपभोक्ता स्वास्थ्यसँग खेलबाड : जरिवाना मात्र पर्याप्त कि स्थायी समाधान ?

कलैया उपमहानगर क्षेत्रमा गरिएको पछिल्लो छड्के बजार अनुगमनले फेरि एक पटक हाम्रो खाद्य सुरक्षा प्रणालीको कमजोर अनुहार उजागर गरेको छ । मिठाई पसलदेखि जनरल स्टोर र होटलसम्म म्याद गुज्रिएका तथा गुणस्तरहीन खाद्य सामग्री खुलेआम बिक्री भइरहेको भेटिनु सामान्य त्रुटि होइन, यो उपभोक्ता स्वास्थ्यप्रतिको गम्भीर बेवास्ता हो ।

अनुगमन टोलीले दुई मिठाई पसललाई ७० हजार रूपैयाँ जरिवाना गर्नुका साथै अखाद्य सामग्री नष्ट गरेको छ । कागजमा हेर्दा यो कारबाही सशक्त जस्तो देखिए पनि प्रश्न उठ्छ—के यस्ता जरिवानाले मात्रै बजारलाई स्वच्छ बनाउन सकिन्छ ?

कलैयाका विभिन्न व्यवसायिक प्रतिष्ठानमा मूल्य सूची नहुनु, सरसफाइको अभाव, म्याद गुज्रिएका सामग्रीको भण्डारण र बिक्रीजस्ता अनियमितता देखिनु केवल केही पसलको समस्या होइन, यो बजार व्यवस्थापन र नियमित अनुगमन प्रणालीमै रहेको कमजोरी हो ।

प्वबिष्थब मा गरिएको यो अनुगमनले एकातिर प्रशासन सक्रिय देखाएको छ भने अर्कोतर्फ दीर्घकालीन निगरानीको अभाव पनि स्पष्ट पारेको छ ।

अझ चिन्ताको विषय के हो भने, केही व्यवसायीलाई केवल चेतावनी दिएर छोडिएको छ । चेतावनीले सुधार ल्याउने आशा गरिए पनि विगतका अनुभवहरुले देखाउँछ—दण्डको निरन्तरता र कठोर कार्यान्वयन बिना यस्ता प्रवृत्ति दोहोरिरहन्छन् ।

उपभोक्ता अधिकार संरक्षण ऐन, २०७५ अनुसार गरिएको जरिवाना र निर्देशनहरु सकारात्मक भए पनि बजार सुधारका लागि यो पर्याप्त होइन । नियमित अनुगमन, कडा लाइसेन्स प्रणाली, र दोहोऱ्याएर गल्ती गर्ने व्यवसायीमाथि थप कडा कानुनी कारबाही आवश्यक देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा, उपभोक्ता आफैं पनि सचेत हुनुपर्ने अवस्था आएको छ । स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने खाद्य वस्तुमा लापरवाही केवल प्रशासनिक कमजोरी मात्र होइन, सामाजिक जिम्मेवारीको पनि प्रश्न हो ।

यदि यस्तै लापरवाही निरन्तर रहिरह्यो भने, बजारमा "स्वस्थ खाना" होइन, "जोखिमपूर्ण विकल्प" मात्र बाँकी रहने खतरा रहन्छ ।

# बिरामी हुनु सजाय होइन



डा. बालकृष्ण साह

गरिब हुनु अपराध होइन । बिरामी हुनु कुनै गल्ती होइन । तर, एउटा यस्तो व्यवस्था जहाँ उपचार नपाएर मर्नुपर्छ वा उपचार गर्दा घरबारविहीन हुनुपर्छ, त्यो पक्कै पनि राज्य र समाजको असफलता हो ।

'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः' अर्थात् सबै सुखी रहुन्, सबै रोगमुक्त होऊन् । हाम्रो पूर्वीय दर्शनले परापूर्वकालदेखि नै आरोग्यतालाई मानव जीवनको सर्वोच्च सुखका रूपमा व्याख्या गर्दै आएको छ ।

शास्त्र भन्छ- 'शरीरमाद्यं खलु धर्मसाधनम्' अर्थात् धर्म र कर्म गर्ने पहिलो साधन नै स्वस्थ शरीर हो । अर्को ठाउँमा भनिएको छ, 'धर्मार्थकाममोक्षाणां आरोग्यं मूलमुत्तमम्' अर्थात् धर्म, अर्थ, काम र मोक्ष– यी चार पुरुषार्थ प्राप्तिको मूल आधार नै आरोग्य (स्वास्थ्य) हो । संक्षेपमा भन्दा, स्वास्थ्य सर्वोपरि छ । नेपालको संविधानले पनि स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारका रूपमा लिपिबद्ध गरेको छ ।

तर, वर्तमान नेपालको सन्दर्भमा यी आदर्शहरू एउटा उखानमा सीमित भएका छन्, 'हुनेलाई सुख, नहुनेलाई रोग' । जब एउटा बिरामी अस्पतालको प्रवेशद्वारमा उभिन्छ, उसलाई लाग्छ कि आरोग्य प्राप्त गर्नु उसको मौलिक अधिकार होइन, बरु एउटा महँगो विलासिता हो । गरिबको पहुँचमा स्वास्थ्य सेवा पुग्न नसकेको तितो यथार्थ हाम्रा सामु छ । के गरिब हुनु अपराध हो ? के बिरामी हुनु सजाय हो ?

उपचार कि आर्थिक दुर्घटना ?

नेपालमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा सुधार आएको दाबी सरकारी स्तरबाट बारम्बार गरिन्छ । स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोष, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आमा सुरक्षा कार्यक्रमलगायतका विभिन्न प्रशंसनीय योजनाहरू अगाडि सारिएका छन् । तर, बिरामी हुँदा 'आउट अफ पकेट' अर्थात् नागरिकले आफ्नै खल्तीबाट गर्नुपर्ने खर्च अझै पनि भयावह छ ।

विश्व बैंक र विश्व स्वास्थ्य संगठनका अध्ययनहरूले नेपालमा कुल स्वास्थ्य खर्चको करिब ५७ देखि ६० प्रतिशत हिस्सा अझै पनि नागरिक स्वयंले बेहोर्नु परिरहेको देखाएका छन् । एउटा किसानले वर्षभरि पसिना बगाएर उब्जाएको अन्न, एउटा मजदुरले कयौं वर्ष वैदेशिक रोजगारीमा कमाएको बचत वा एउटा निम्न मध्यमवर्गीय परिवारले छोराछोरीको शिक्षाका लागि साँचेको रकम अस्पतालको एउटै बिलले स्वाहा पारिदिन्छ ।

नेपालमा हरेक वर्ष हजारौं परिवारहरू स्वास्थ्य खर्चकै कारण गरिबीको रेखामुनि धकेलिन्छन् । उपचारका लागि घरखेत नै बेच्नुपर्ने वा सञ्चित सम्पत्ति गुमाउनुपर्ने बाध्यता रहनु कस्तो स्वास्थ्य प्रणाली हो ? यहाँ बिरामी हुनु भनेको शारीरिक कष्टमात्र होइन, एउटा ठूलो आर्थिक दुर्घटना व्यहोर्नु पनि हो भन्ने प्रमाणित भइसकेको छ ।

जनशक्तिको रिक्तता र पूर्वाधारको अवस्था

नेपालको स्वास्थ्य व्यवस्थामा सबैभन्दा ठूलो चुनौती स्वास्थ्यकर्मी तथा चिकित्सकको व्यवस्थापनमा छ । तथ्यांकले चिकित्सकहरूको संख्या बढेको त देखाउँछ, तर ती सरकारी सेवामा आकर्षित हुन सकेका छैनन् । दरबन्दी थपिएका छैनन् र भएका दरबन्दीमा पनि समयमै पदपूर्ति हुँदैन । अधिकांश विशेषज्ञ चिकित्सकहरू ठूला सहर र निजी अस्पतालहरूमा केन्द्रित छन् । सरकारले ७ सय ५३ वटै स्थानीय तहमा आधारभूत अस्पताल बनाउने योजना ल्याउनु सराह्रनीय छ, तर भवन आफैंमा अस्पताल होइन ।

कतै भव्य भवन छ तर डाक्टर छैनन् । कतै डाक्टर छन् तर आवश्यक उपकरण र औषधि छैनन् । स्वास्थ्य जनशक्तिलाई दुर्गम क्षेत्रमा टिकाउने ठोस 'रिटेन्सन पोलिसी' (टिकाउ नीति) हामीले बनाउन सकेनौं । एउटा विशेषज्ञ चिकित्सकले गाउँमा सेवा दिन खोज्दा उसले पाउने न्यूनतम सुविधा, सुरक्षा र वृत्ति विकासको अनिश्चितताले गर्दा 'ब्रेन ड्रेन'को समस्या तीव्र बनेको छ । अब त डाक्टरमात्र होइन, नर्सलगायत अन्य स्वास्थ्यकर्मीहरू

बिदेसिने क्रम डरलाग्दो गरी बढ्दो छ ।

जनसाधारणमा ऋण लिएर भए पनि विशेषज्ञ चिकित्सकसँग स्वास्थ्य परीक्षण गराउने आकांक्षा छ । तर, सरकारी स्वास्थ्य केन्द्रहरूमा अझै पनि 'मिड-लेभल स्वास्थ्यकर्मी'लाई मात्र तालिम दिएर सेवा धान्ने प्रवृत्ति कायम छ । यसले गर्दा सर्वसाधारणहरू बाध्य भएर निजी क्लिनिक तथा महँगा अस्पतालमा भरपर्नु परेको छ । जबसम्म स्थानीयस्तरमा विशेषज्ञ सेवा पुग्दैन र सरकारी सेवा सुदृढ हुँदैन, तबसम्म सामान्य उपचारका लागि पनि सहर धाउनुपर्ने र आर्थिक भार खेप्नुपर्ने अवस्था रहिरहनेछ ।

अन्तर्राष्ट्रिय अनुभव र नेपालको बाटो अन्तर्राष्ट्रिय स्तरमा हेर्ने हो भने, स्वास्थ्य सेवालाई पूर्णतया राज्यको जिम्मेवारी मान्ने देशहरूले ठूलो प्रगति गरेका छन् । बेलायतको 'नेसनल हेल्थ सर्भिस' वा नर्डिक देशहरू (नर्वे, स्विडेन, फिनल्यान्ड र आइसल्यान्ड) को 'स्क्यान्डिभियन मोडल' यसका सफल उदाहरण हुन् । यी मोडेलहरूले 'स्वास्थ्य नागरिकको अधिकार हो, क्षमताको विषय होइन' भन्ने मान्यतालाई स्थापित गरेका छन् ।

छिमेकी मुलुक थाइल्यान्डले सन् २००२ मा 'युनिभर्सल हेल्थ कभरेज' सुरु गरेपछि त्यहाँ नागरिकको व्यक्तिगत स्वास्थ्य खर्च ह्वात्तै घट्यो । स्वास्थ्य उपचारकै कारण गरिब हुनेको संख्या त्यहाँ नाटकीय रूपमा घटेको देखिन्छ । नेपालमा भने स्वास्थ्य बिमा कार्यक्रम जुन आशाका साथ सुरु गरिएको थियो, त्यो प्रभावकारी हुन सकेको छैन । बिमाको शोधभर्नामा हुने झन्झट, साँघुरो सेवाको दायरा, औषधि अभाव र न्यून गुणस्तरका औषधिका कारण नागरिकमा बिमाप्रतिको आकर्षण घट्दै गएको छ । विश्वभरको तथ्यांकले करिब १० करोड मानिस स्वास्थ्य खर्चकै कारण चरम गरिबीमा पुग्ने गरेको देखाउँछ र नेपालमा यो जोखिम अझ उच्च छ ।

अस्पताल कि व्यापारिक केन्द्र ?

आजको स्वास्थ्य प्रणालीमा अर्को एउटा तीतो यथार्थ थपिएको छ- उपचार अघि बिरामीको 'हैसियत'को खोजी । अस्पताल छिर्नासाथ बिरामीको रोगभन्दा पहिले कतिपय अवस्थामा उसको 'पेइङ क्यापासिटी' (तिर्न सक्ने क्षमता) हेरिन्छ त कतै राजनीतिक पहुँच । विपन्न नागरिकले पाउने निःशुल्क सेवाहरू झन्झटिलो र अपारदर्शीमात्र छैनन्, तिनको गुणस्तरमा समेत सम्झौता हुने गरेको देखिन्छ ।

यसले 'स्वास्थ्य सबैका लागि' भन्ने नारालाई गिज्याइरहेको छ । भूगोलले कसैको बाँच्ने अधिकार र आयुको मूल्य निर्धारण गर्नु हुँदैन । दुर्गमका महिलाहरूले समयमा प्रसूति सेवा नपाउँदा हुने अकाल मृत्युले हाम्रो मातृ मृत्युदरलाई अपेक्षित रूपमा घट्न दिएको छैन । के गरिब हुनु नै मृत्युको कारण बन्नुपर्ने हो ? वा दुर्गममा बस्नु मृत्युको कारक बन्नु उचित हो ? यी प्रश्नहरूको उत्तर राज्यले दिनैपर्छ ।

संरचनात्मक शल्यक्रियाको खाँचो

स्वास्थ्य क्षेत्रको सुधारका लागि केवल बजेट बढाउनु वा भवन ठड्याउनुमात्र पर्याप्त छैन । यसका लागि स्वास्थ्य सेवालाई 'दया'को सट्टा 'अधिकार'को रूपमा स्थापित गर्ने बलियो राजनीतिक इच्छाशक्ति चाहिन्छ :-

१. स्वास्थ्य बिमाको पुनर्संरचना : बिमालाई झन्झटमुक्त बनाउँदै निजी र सरकारी दुवै क्षेत्रमा यसको स्वीकार्यता बढाउनुपर्छ । हाल सरकारी र निजी अस्पताललाई एउटै प्याकेजमा भुक्तानी दिने व्यवस्था अव्यावहारिक छ । सरकारी अस्पतालमा भवन, उपकरण र तलब सरकारले बेहोर्ने हुनाले त्यहाँ 'एक्चुअल कस्ट बेस्ड पेमेन्ट' (वास्तविक लागतमा आधारित भुक्तानी) गरिनुपर्छ ।

निजी क्षेत्रमा कि त बिमा सुविधा नदिने वा दिइएमा हालको प्याकेज सिस्टममा 'को-पेमेन्ट' (नागरिकले केही प्रतिशत बेहोर्ने) व्यवस्थालाई परिमार्जन गर्नुपर्छ । साथै, मिर्गौला डायलासिस र मुटु रोगजस्ता दीर्घकालीन उपचारमा बिमाको दायरा बढाउनुपर्छ ।

२. जनशक्ति व्यवस्थापन : दुर्गममा काम गर्ने चिकित्सकहरूका लागि विशेष प्रोत्साहन र वृत्ति विकासको ग्यारेन्टी गरिनुपर्छ । सिंगापुरजस्ता देशहरूले अपनाएको 'कार्यसम्पादनमा आधारित करार प्रणाली' लागू गर्न सकिन्छ । विशेषज्ञ चिकित्सकहरू (नवौं र एघारौं तह) लाई पाँच वर्ष वा सोभन्दा बढी समयका लागि करारमा लिने र उनीहरूलाई पूर्ण अधिकार, सम्मान र अन्तर्राष्ट्रिय मापदण्डअनुसारको सुविधा दिएर सरकारी सेवामा

टिकाइराख्ने नीति ल्याउनुपर्छ ।

३. बजेट र प्राथमिकता : स्वास्थ्य क्षेत्रको बजेटलाई कुल बजेटको कम्तीमा १० प्रतिशत पुऱ्याउनुपर्छ । स्वास्थ्य सेवालाई एकीकृत र एकद्वार प्रणालीमार्फत वितरण गरिनुपर्छ । प्राथमिक स्वास्थ्य र नसर्ने रोगको रोकथाममा लगानी बढाउनु दीर्घकालीन रूपमा सस्तो र प्रभावकारी हुन्छ ।

निष्कर्ष : गरिब हुनु अपराध होइन । बिरामी हुनु कुनै गल्ती होइन । तर, एउटा यस्तो व्यवस्था जहाँ उपचार नपाएर मर्नुपर्छ वा उपचार गर्दा घरबारविहीन हुनुपर्छ, त्यो पक्कै पनि राज्य र समाजको असफलता हो । स्वास्थ्य प्रणालीको सफलता आधुनिक मेसिनको संख्याले होइन, समाजको सबैभन्दा कमजोर मानिसले पाएको गुणस्तरीय सेवा र सुरक्षाले मापन गरिनुपर्छ । जबसम्म त्यो अन्तिम व्यक्ति सुरक्षित हुँदैन, तबसम्म 'स्वास्थ्यमा समानता' वा 'सर्वे सन्तु निरामयाः' केवल एउटा सुन्दर नारामा मात्र सीमित रहनेछ ।




## अन्तराष्ट्रिय समाचार

# अर्को आक्रमणको तयारीमा ट्रम्प, भने- इरानी नेतृत्व बेइमान छ, बारम्बार कुरा बदल्छ



***वाशिङ्टन-*** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी नेतृत्वलाई बेइमान भनेका छन् । उनले तेहरानले वार्तामा बारम्बार आफ्नो कुरा बदल्ने गरेको आरोप पनि लगाएका छन् । उनले इरान जानाजान वार्ता र कागजात प्रक्रियालाई लम्ब्याउन लागेको बताए । ट्रम्पले भने, 'उनीहरू धेरै बेइमान मान्छे हुन् । नेतृत्व बारम्बार आफ्नो कुरा बदल्छ ।' उनले व्यवसायमा पनि उनले धेरै पटक पहिले सम्झौता हुन्छ, अनि अर्को पक्षबाट नयाँ सर्तहरू आउने गरेको सुनाए । ट्रम्पले २० मिनेटमा पठाउन सकिने कागजातलाई इरानले पाँच दिनसम्म लगाउने गरेको बताए । उनले यसलाई वार्ता लम्ब्याउने रणनीति भनेका छन् ।

*फेरि हमला गर्ने विचार*

ट्रम्प इरानविरुद्ध फेरि ठूलो सैन्य अभियान सुरु गर्ने विषयमा गम्भीर विचार गरिरहेका छन् । सीएनएनको रिपोर्ट अनुसार ट्रम्प इरानको वार्ता रणनीति र होर्मुज स्ट्रेट लगातार बन्द रहनुबाट रिसाएका छन् ।

ट्रम्पलाई इरानी नेतृत्वभित्र मतभेद रहेका लागेको छ । जसको कारण परमाणु वार्तामा कुनै ठोस प्रगति भएको छैन । रिपोर्ट अनुसार ट्रम्प प्रशासनभित्र आगामी रणनीतिका विषयमा फरक-फरक मत छन् ।

पेन्टागनका केही अधिकारीहरूले इरानमाथि दबाब बढाउन थप आक्रामक कदम र टार्गेटेड स्ट्राइकको वकालत गरिरहेका छन् । उनीहरूले यसबाट तेहरानको अवस्थालाई अझ कमजोर बनाउने बताएका छन् ।

प्रशासनभित्र अर्को समूहले अझै पनि वार्तालाई मौका दिनुपर्ने कुरा गरिरहेको छ । यी अधिकारीहरू कूटनीतिबाट सम्झौताको सम्भावना पूर्ण रूपमा समाप्त नभएको बताइरहेका छन् । रिपोर्ट अनुसार ट्रम्पका निकटवर्तीहरूले पाकिस्तानलाई इरानसँगको वार्तामा कडा सन्देश दिन चाहन्छन् । केही अमेरिकी अधिकारीहरूलाई पाकिस्तानले इरानको अवस्थालाई अमेरिकासामु बढी सकारात्मक रूपमा प्रस्तुत गरिरहेको शंका छ ।

ट्रम्पले सोमबार आफ्नो राष्ट्रिय सुरक्षा टोलीसँग फेरि बैठक गरेका थिए । तर मङ्गलबार चीन प्रस्थान गर्नुअघि ट्रम्पले कुनै ठूलो निर्णयको घोषणा शायद गर्ने छैनन् ।

रिपोर्टमा पाकिस्तान र क्षेत्रका धेरै देशहरूले इरानलाई ट्रम्प निकै रिसाएको र यो कूटनीतिको अन्तिम मौका हुन सक्ने भनेर बुझाउन प्रयास गरिरहेका छन् । तर अहिलेसम्म इरानले यी चेतावनीहरूलाई गम्भीर रूपमा लिइरहेको देखिँदैन ।

*भने- इरानसँग युद्धविराम भेन्टिलेटरमा*

ट्रम्पले इरानसँगको युद्धविराम अब भेन्टिलेटरमा पुगेको बताएका छन् । उनले अमेरिकाले अब पूर्ण विजय चाहेको बताए । ओभल अफिसमा पत्रकारहरूसँग कुराकानी गर्दा ट्रम्पले इरानको प्रस्तावलाई फोहोर भने ।

उनले अमेरिका दबाबमा पर्ने वा थाक्ने कुरा इरानले सोचे पनि त्यस्तो नहुने बताए । रिपोर्टहरू अनुसार इरानले पाकिस्तानी मध्यस्थहरूमार्फत् अमेरिकालाई आफ्नो जवाफ पठाएको थियो । उक्त प्रस्तावमा युद्ध समाप्त गर्ने, होर्मुज स्ट्रेटको सुरक्षा, परमाणु कार्यक्रम र प्रतिबन्ध हटाउने जस्ता मुद्दाहरू थिए । ट्रम्पले वाशिंगटनले इरानमाथि दबाब कायम राख्ने बताउँदै उसको सर्तमा सम्झौता नगर्ने अडान राखे । अमेरिका र इरानबीच अप्रिलदेखि लागू युद्धविराम पहिले नै तनावमा थियो । अब ट्रम्पको ताजा भनाइपछि शान्ति वार्ता फेरि संकटमा पर्ने देखिएको छ । अमेरिका-इरान तनाव बढ्दा यसको असर वैश्विक तेल बजार र होर्मुज स्ट्रेटको सुरक्षामा पनि परिरहेको छ ।

## सीमावर्ती........

छन् । त्यस्तै, संदीप समूहले १० देखि १२ वटा मोटरसाइकल प्रयोग गरी तयारी कुखुरा र लत्ताकपडाको अवैध ओसारपसार गर्ने गरेको आरोप छ । अमरपुर नाकाबाट दीपक समूहद्वारा कपडा तस्करी हुँदै आएको तथा बैरिया नाकाबाट प्रमोद, राजु, उपेन्द्र र राजुको समूहले धानको बीउ र मलको तस्करी गरिरहेको स्थानीयको दाबी छ । यस्तै, कवलपुरघाट क्षेत्रबाट राजकुमार र अखलेश समूहले ट्र्याक्टरमार्फत धान भारततर्फ लैजाने गरेको आरोपसमेत उठेको छ ।

सीमावर्ती क्षेत्रमा तस्करी र लागुऔषध कारोबार बढ्दो अवस्थामा रहेको विषयमा विभिन्न सञ्चारमाध्यममा पटक-पटक समाचार प्रकाशित भए पनि नियन्त्रण प्रभावकारी हुन नसकेको भन्दै स्थानीयले प्रश्न उठाएका छन् । यसैबीच, नेपालबाट भारततर्फ तस्करी गरिएको भनिएको चरेशसहित एक युवक पक्राउ परेपछि सीमा क्षेत्रमा भइरहेको अवैध कारोबार फेरि चर्चामा आएको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) ७१ औं बटालियन र बिहार प्रहरीको संयुक्त टोलीले विशेष सूचनाका आधारमा भारतको बिहार राज्यस्थित मोतीहारी जिल्लाको जितना थाना क्षेत्र अन्तर्गत अगरवा गाउँमा मंगलबार बिहान छापामारी गरेको थियो । छापामारीका क्रममा गजेन्द्र राय यादवको घरबाट करिब पौने ३ किलो चरेश बरामद गरिएको एसएसबीले जनाएको छ । एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीका अनुसार चरेश बोराभित्र लुकाइराखिएको अवस्थामा फेला परेको थियो । घटनामा संलग्न रहेको आरोपमा घरधनीका २६ वर्षीय छोरा मुन्ना कुमार यादवलाई पक्राउ गरिएको छ । एसएसबी प्रवक्ता विनित कुमार सिंहका अनुसार पक्राउ परेका यादवलाई बरामद चरेशसहित आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि जितना थानामा बुझाइएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा उक्त चरेश नेपालका सीमावर्ती नाका हुँदै भारत पुऱ्याइएको आरोपितले स्वीकार गरेको एसएसबीले जनाएको छ ।

सीमाक्षेत्रमा तस्करी, लागुऔषध कारोबार तथा प्रहरीमाथि उठिरहेका संरक्षणका आरोपले सुरक्षा संयन्त्रकै भूमिकामाथि प्रश्न उठेको स्थानीयको भनाइ छ । स्थानीयवासीले निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

## हज यात्री.........

उपमेयर इमतियाज आलम, र ईशनाथ नगरपालिकाका उपमेयर प्रवेज कलम लगायतका नेताहरूले पनि भेटघाटलाई निरन्तरता दिएका छन् ।

भेटका क्रममा नेपाली कांग्रेस परोहाका भावी मेयर उम्मेदवार मो. नौशाद आलम, वडा अध्यक्ष समिउल्लाह, र सेराजुदिन अहमद लगायतका स्थानीय अगुवाहरूले हाजीहरूलाई व्यक्तिगत रूपमा सम्मान प्रकट गरे । जनप्रतिनिधिहरूको यो सद्भाव र सम्मान देखेर हज यात्रीहरू भावुक हुँदै धन्यवाद ज्ञापन गरेका थिए ।

परोहा नगरपालिका वडा नं. २ का हज यात्री मौलाना इरसाद मदनी गम्भीर बिरामी परेका कारण उनको यात्रा अन्तिम समयमा रद्द भएको छ । उनका छिमेकी हाजी अहमद देवान जिङगड्वावीका अनुसार, स्वास्थ्य अवस्था प्रतिकुल भएपछि उनले यस वर्षको पवित्र यात्रामा सहभागी हुन नपाएका हुन् ।

*आस्था र एकताको संगम*

मुस्लिम समुदायमा आर्थिक र शारीरिक रूपमा सक्षम व्यक्तिले जीवनमा एक पटक हज गर्नु अनिवार्य मानिन्छ । साउदी अरबको मक्का र मदिनामा गरिने यो इबादत (पूजा) ले आत्म-शुद्धीकरण, समानता र विश्वव्यापी भ्रातृत्वको सन्देश दिन्छ । नेपाल सरकारको गृह मन्त्रालय अन्तर्गतको केन्द्रीय हज कमिटीले जिल्ला प्रशासन कार्यालयहरू मार्फत प्राप्त आवेदनका आधारमा कोटा अनुसार यात्राको व्यवस्थापन गर्दै आएको छ । साउदी अरबस्थित नेपाली महावाणिज्य दूतावासले नेपाली हाजीहरूको स्वागत र सहयोगका लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरेको जानकारी दिएको छ । हज यात्रीहरूले त्यहाँ पुगेर राष्ट्रको शान्ति र समृद्धिका लागि विशेष प्रार्थना गर्ने विश्वास व्यक्त गरेका छन् । हज गरेर फर्किएपछि मानिस नवजात शिशु जस्तै निष्पाप र शुद्ध हुने धार्मिक विश्वास रहिआएको छ ।

# सीमाबाट १०० रूपैयाँभन्दा बढी सामान ल्याउँदा भन्सार तिर्नुपर्ने व्यवस्था संशोधन हुने




***शु.आ. सम्बाददाता***
***काठमाडौं, २८ वैशाख***

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने हालको व्यवस्था संशोधन गरिने बताएका छन् । सीमावर्ती क्षेत्रका नागरिकलाई सहजता दिने उद्देश्यले उक्त सीमा पुनरावलोकन गर्ने तयारी भइरहेको उनले जानकारी दिएका हुन् ।

मंगलबार प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिमा भएको छलफलका क्रममा अर्थमन्त्री वाग्लेले हाल लागू रहेको १०० रुपैयाँको सीमा वर्तमान सरकारले लागू नगरेको स्पष्ट पारे । उनले सीमावर्ती क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणले दैनिक उपभोगका सामान्य सामान ल्याउँदा समेत भन्सार तिर्नुपर्ने अवस्थाले अनावश्यक सास्ती भोग्नुपरेको बताए ।

"यो नियम हाम्रो सरकारले बनाएको होइन," अर्थमन्त्री वाग्लेले भने, "सर्वसाधारणलाई सहज हुने गरी सीमा पुनरावलोकन गर्छौं । तर राजस्व छल्ने उद्देश्यले हुने तस्करीप्रति सरकार कडा रूपमा प्रस्तुत हुन्छ ।"

उनले घरायसी प्रयोजनको नाममा दैनिक रूपमा पटक-पटक सीमा पार गरेर सामान भित्र्याउने गतिविधिमाथि निगरानी र कडाइ गरिने पनि बताएका छन् । राजस्व चुहावट रोक्न र वैध व्यापारलाई प्रोत्साहन गर्न सरकारले आवश्यक सुधारको तयारी गरिरहेको उनको भनाइ थियो ।

पछिल्लो समय सीमावर्ती जिल्लामा १०० रुपैयाँभन्दा बढी मूल्यको सामानमा भन्सार अनिवार्य गरिएको व्यवस्थाप्रति स्थानीयवासी, व्यापारी तथा सर्वसाधारणले व्यापक असन्तुष्टि जनाउँदै आएका छन् । उनीहरूले सामान्य दैनिक उपभोगका सामग्री ल्याउँदा समेत कडाइ गरिनुले जनजीवन प्रभावित भएको गुनासो गर्दै आएका छन् ।

अर्थमन्त्रीको पछिल्लो अभिव्यक्तिपछि सीमावर्ती क्षेत्रका नागरिकले राहतको अपेक्षा गरेका छन् ।

# विद्यालयमा दुई दिन साप्ताहिक बिदा, हिउँदे र वर्षे बिदा घटाइने

***काठमाडौं, २८ वैशाख***

सरकारले विद्यालयहरूमा शनिवार र आइतवार गरी दुई दिन साप्ताहिक बिदा लागू गर्ने निर्णयसँगै हिउँदे तथा वर्षे बिदाको अवधि घटाउने भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक क्यालेन्डर परिमार्जन गर्दै साविकको ४५ दिन लामो बिदालाई घटाएर ३० दिनमा सीमित गर्ने निर्णय गरेको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले देशभरका शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह तथा विद्यालयहरूलाई परिपत्र जारी गर्दै मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको छ ।

नयाँ व्यवस्थाअनुसार विद्यालयहरूले पाठ्यक्रमले निर्धारण गरेको कार्यघण्टा पूरा हुने गरी सोमवारदेखि शुक्रवारसम्म नियमित पठनपाठन सञ्चालन गर्नुपर्नेछ । विद्यालय समय व्यवस्थापनका लागि दैनिक १५ मिनेट प्रार्थना तथा ३० मिनेट खाजा समय छुट्याउनुपर्ने व्यवस्था पनि गरिएको छ । केन्द्रका अनुसार पहिलो र दोस्रो त्रैमासिक आन्तरिक मूल्याङ्कन कक्षाको नियमित अध्ययनमा असर नपर्ने गरी सञ्चालन गर्नुपर्नेछ । साथै, शैक्षिक सत्रको अन्तिम १२ दिन अन्तिम परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनका लागि उपयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

नयाँ शैक्षिक व्यवस्थापनअन्तर्गत शुक्रबारलाई सिर्जनात्मक तथा प्रयोगात्मक सिकाइका लागि विशेष रूपमा उपयोग गर्न निर्देशन दिइएको छ । विद्यालयहरूले समुदाय, परिवार, सूचना प्रविधि तथा बहुविषयक परियोजनामा आधारित गतिविधि सञ्चालन गर्नुपर्नेछ । आवश्यकता अनुसार विद्यार्थीलाई परियोजना प्रस्तुति गर्ने अवसरसमेत दिनुपर्ने उल्लेख गरिएको छ ।

परियोजना तथा प्रयोगात्मक सिकाइलाई प्रभावकारी बनाउन पाठ्यक्रम विकास केन्द्रले तयार पारेको 'परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२' प्रयोग गर्न सकिने जनाइएको छ । मन्त्रालयले स्थानीय तह, विद्यालय तथा शिक्षकहरूलाई स्वीकृत पाठ्यक्रमअनुसार परियोजना निर्माण गरी व्यवहारिक र सिर्जनात्मक सिकाइमा जोड दिन आग्रह गरेको छ । सरकारको यो निर्णयसँगै विद्यालय शिक्षालाई थप व्यवहारिक, सिर्जनात्मक र विद्यार्थीमैत्री बनाउने अपेक्षा गरिएको छ ।

## बिमा फाईल हराएको सूचना

बारा जिल्ला, खोपवा-०८ निवासी बिरेन्द्र प्रसाद यादवको **Asian Life Insurance Co. Ltd.** को बिमा फाइल (**Policy No. 62180022049**) घरबाट कार्यालय आउने क्रममा बाटोमा हराएको हुँदा उक्त फाइल कसैले फेला पार्नु भएमा कृपया मो. नं. ९८०६८९७९८५ मा सम्पर्क गरि उपलब्ध गराईदिनुहुन वा कम्पनीको कलैया स्थित कार्यालयमा बुझाईदिन अनुरोध गरिन्छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

रौटहट मेडिसिन
प्रदेशिक अस्पताल, गौर के सामने
9855021172/9816826057
प्रदेश नं.–२ मा सफल मुटु को जाली द्वारा अप्रेशन संचालन गर्ने ईन्टरभेन्सन मुटुको डाक्टर



NMC NO. 6369
डा. जितेन्द्र कुमार मिश्रा
सह–प्राध्यापक ( Associate Professor )
हेड–मुटु रोग विभाग
नेशनल मेडिकल कालेज, वीरगंज
एम. बि. बि. एस., एम. डी.
Cardiology-Pakistan
बरिष्ठ मुटुरोग विशेषज्ञ
( १ ) मुटु सम्बन्धि सुविधाहरू:
ECG – इ. सी. जी.
ECHO – ईको ( मुटुको भिडियो एक्स-रे )
TMT – ( दौडाएर मुटुको चाल हेर्ने )
एन्जियोग्राफी ( मुटुको बन्द रक्त संचार जाँच गर्ने )
एन्जियोपलाष्टि ( जाली द्वारा मुटुको बन्द रक्त संचार खोल्ने )
पेस मेकर ( मुटुको चालमा गडबडी भएमा बैट्री हालेर ठिक गर्ने )
( २ ) मुटु सम्बन्धि जाँच गराउनु पर्ने अवस्थाहरू
( क ) ब्लड प्रेसर भएमा ( HTN )
( ख ) सुगर भएमा ( DM )
( ग ) हिड्ने बेलामा छातीमा दुख्ने अथवा भएमा
( घ ) हिडने बेलामा डम फल्ने अथवा स्याँ – स्याँ भएमा
( ङ ) मुटु ढुक – ढुक भएमा

# पर्सामा लागुऔषधविरूद्ध प्रहरीको अभियान तीव्र, चार जना पक्राउ

*शु.आ. सम्बाददाता*
*पर्सा, २८ वैशाख*

पर्सा प्रहरीले सञ्चालन गर्दै आएको "लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान" अन्तर्गत चार जनालाई लागुऔषधसहित पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत उक्त जानकारी सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-१६ स्थित शंकराचार्य गेट चेक प्वाइन्टमा भारतबाट नेपाल प्रवेश गर्ने पैदलयात्री तथा सवारीसाधनमाथि नियमित जाँच गर्ने क्रममा लागुऔषधसहित व्यक्तिहरू पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार पक्राउ पर्नेमा २६ वर्षीय पैयाल अन्सारी र ३४ वर्षीय संजय साह रहेका छन् । प्रारम्भिक जाँचका क्रममा उनीहरूको साथबाट ०.१० मिलिग्राम खैरो हिरोइन तथा ४ ग्राम चरेस




बरामद गरिएको प्रहरीले जनाएको छ । त्यसपछि थप अनुसन्धान तथा पुनः जाँच गर्ने क्रममा संजय साहकै साथबाट थप ३ ग्राम ४२ मिलिग्राम खैरो हिरोइन फेला परेको प्रहरीको भनाइ छ । यसैगरी, सोही अभियानअन्तर्गत २१ वर्षीय विशाल यादवलाई पनि ०.४३ मिलिग्राम खैरो हिरोइनसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीले पक्राउ परेका सबै जनामाथि लागुऔषध नियन्त्रण ऐनअन्तर्गत अनुसन्धान अघि बढाइएको जनाएको छ । सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा सेवन बढ्दै गएको अवस्थालाई नियन्त्रण गर्न विशेष निगरानी र चेकजाँच अभियानलाई थप कडाइ गरिएको प्रहरीको भनाइ छ ।

पर्सा प्रहरीले पछिल्लो समय सीमा क्षेत्रमा निगरानी बढाउँदै लागुऔषध कारोबार तथा सेवन नियन्त्रणलाई प्राथमिकतामा राखेको जनाएको छ ।

# गौर नगरपालिकाद्वारा अवैध संरचनामाथि डोजरः नगर प्रमुख साहको एक्सन पछि बजार क्षेत्र खालि गरिँदै

*शु. आ. सम्बाददाता*
*रौतहट, २८ वैशाख*

जिल्लाको सदरमुकाम गौरलाई व्यवस्थित र सुन्दर बनाउने अभियान अन्तर्गत गौर नगरपालिकाले अवैध संरचनाहरू भत्काउन सुरु गरेको छ । नगरपालिकाले पटक-पटक सूचना जारी गरी अवैध संरचना हटाउन आग्रह गरे पनि स्थानीयले अटेर गरेपछि मंगलवार डोजर प्रयोग गरी ती संरचनाहरू हटाइएको हो ।

नगर प्रमुख शम्भु साह आफैं फिल्डमा उत्रिएर अवैध संरचना हटाउने कार्यको नेतृत्व गरिरहनुभएको छ । नगर प्रमुख साहले पदभार ग्रहण गरेदेखि नै गौरलाई 'स्मार्ट सिटी' र व्यवस्थित सहरका रूपमा विकास गर्ने योजना अघि सार्नुभएको थियो । सोही योजना अन्तर्गत नाला मिचेर बनाइएका सिँढी, सार्वजनिक जग्गामा ठडिएका पर्खाल र अव्यवस्थित रूपमा राखिएका अस्थायी संरचनाहरूलाई नगरपालिकाले निसाना बनाएको छ ।

नगरपालिका स्रोतका अनुसार बजार क्षेत्रका मुख्य सडक र नाला माथि निर्माण गरिएका भौतिक संरचनाका कारण ढल निकासमा समस्या हुनुका साथै सडक आवागमनमा समेत बाधा पुगेको थियो । नगरपालिकाले ३५ दिने र त्यसपछि पनि पटक-पटक सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित धनीलाई आफैं संरचना हटाउन आग्रह गरेको थियो । तर तोकिएको समय सीमाभित्र संरचना नहटाएपछि




नगरपालिकाले बाध्य भएर नगर प्रहरी र सुरक्षाकर्मीको सहयोगमा डोजर चलाएको हो । ढल वा नाला माथि बनाइएका कंक्रिटका सिँढीहरू, सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका पर्खाल (वाल), फुटपाथ र सडक मिचेर राखिएका साना पसल तथा टहराहरू , सडकको सौन्दर्य बिगार्ने गरी बनाइएका अन्य अस्थायी संरचना लगायतका संरचनाहरू हटाइएका छन् ।

नगरपालिकाको यस कदमको केही व्यवसायीहरूले विरोध गरे पनि सर्वसाधारण र नागरिक समाजले भने स्वागत गरेका छन् । नाला थुनिएर बर्खामा सधैं डुबान हुने समस्या अब समाधान हुने आशा पलाएको छ, एक स्थानीयले बताए ।

नगर प्रमुख शम्भु साहले मिडियासँग कुरा गर्दै भन्नुभयो, नगरको विकास र समृद्धिका लागि कानुन विपरीतका संरचनाहरू हटाउनै पर्छ । हामी कसैलाई व्यक्तिगत दुःख दिन चाहँदैनौं, तर सार्वजनिक हितका लागि यो कदम अनिवार्य छ । अब गौर नगरपालिकाले सडक र नाला सरसफाईलाई तीव्रता दिनेछ र व्यवस्थित सहरीकरणलाई अगाडि बढाउनेछ ।

यो अभियान नगरका अन्य वडाहरूमा पनि निरन्तर रहने र अतिक्रमण मुक्त गौर बनाउन नगरपालिका प्रतिबद्ध रहेको प्रशासनले जनाएको छ ।

# एसईई २०८२ : जिराभवानी र ठोरीको नतिजा कमजोर, कठकुइया र ओडार मावि उत्कृष्ट

*हरिकिशोर शर्मा*
*पर्सा, २८ वैशाख*

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजा सोमबार राति सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष देशभर ६५.९८ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । तर पर्साको जिराभवानी र ठोरी गाउँपालिकाका सामुदायिक विद्यालयहरूको नतिजा भने अपेक्षाकृत कमजोर देखिएको छ ।

जिराभवानी गाउँपालिकाभित्र रहेका तीन वटा माध्यमिक विद्यालयबाट कुल २८१ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए । तीमध्ये जम्मा १९ जना मात्र उत्तीर्ण भएका छन्, जुन १६.३७ प्रतिशत हुन आउँछ ।

पालिकाभित्र सबैभन्दा राम्रो नतिजा श्री नेरा मावि कठकुइया बसन्तपुरले ल्याएको छ । उक्त विद्यालयबाट सहभागी ६८ विद्यार्थीमध्ये ७ जना उत्तीर्ण भएका छन् । यद्यपि प्रतिशतका आधारमा विद्यालयले अग्रता कायम गरेको जनाइएको छ ।

त्यसैगरी, बितो महतो जितपुर नौकाटोल माविका विद्यार्थीहरूले जिपिएतर्फ उत्कृष्ट प्रदर्शन गरेका छन् । सरस्वती माविकी छात्रा एनजी गौरोले ३.३ जिपिए प्राप्त गर्दै जिराभवानी गाउँपालिका भर प्रथम स्थान हासिल गरेकी छन् । उनी यसअघि पालिकास्तरीय कक्षा ८ परीक्षामा पनि प्रथम भएकी थिइन् ।

नौकाटोल माविबाट ६१ विद्यार्थी सहभागी भएकामा ६ जना उत्तीर्ण भएका छन् । यस्तै, सेढवा माविबाट १०५ विद्यार्थी सहभागी हुँदा ६ जना मात्र उत्तीर्ण भएका छन् ।

उता, बर्णमाला बोर्डिङ स्कुलमा ६ जना परीक्षार्थी सहभागी भएकामा ४ जना उत्तीर्ण भएको विद्यालयले जनाएको छ । ठोरी गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालयबाट कुल १७९ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए । तीमध्ये ३४ जना मात्र उत्तीर्ण भएका छन्, जसअनुसार पालिकाको समग्र नतिजा १९ प्रतिशत रहेको छ ।

पालिकाभित्र श्री नेरा मावि ओडारले उत्कृष्ट नतिजा ल्याएको छ । विद्यालयबाट सहभागी १८ विद्यार्थी मध्ये १० जना उत्तीर्ण भएका छन्, जुन ५५.५५ प्रतिशत हो ।

जिपिएतर्फ भने सरस्वती मावि गौतमनगरकी छात्रा अंशु खनालले ३.६६ जिपिए प्राप्त गर्दै गाउँपालिका प्रथम बनेकी छन् । उनी पनि यसअघि कक्षा ८ को पालिकास्तरीय परीक्षामा प्रथम भएकी थिइन् ।

सरस्वती माविबाट ४३ विद्यार्थी सहभागी भएकामा १३ जना उत्तीर्ण भएका छन् । यस्तै, विजयबस्ती माविबाट ३१ मध्ये ५ जना उत्तीर्ण भएका छन् ।

नेरा प्राविधिक मावि दीपकनगरको प्राविधिक धारतर्फ भने नतिजा शून्य देखिएको विद्यालयले जनाएको छ । विद्यालयका अनुसार प्राविधिक धारका परीक्षार्थीहरूको नतिजामा अनुपस्थिति देखिएको छ । साधारण धारतर्फ १२ मध्ये २ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

यसैगरी, ज्ञानवाटिका मावि सुवर्णपुरबाट ३४ मध्ये ३ जना तथा ज्ञानज्योति मावि घ्याङडाँडाबाट २७ मध्ये १ जना मात्र उत्तीर्ण भएका छन् । स्थानीय अभिभावक तथा शिक्षा सरोकारवालाहरूले कमजोर नतिजाप्रति चिन्ता व्यक्त गर्दै शिक्षण प्रणाली सुधार, शिक्षक व्यवस्थापन र विद्यार्थीको नियमित अनुगमनमा ध्यान दिनुपर्ने बताएका छन् ।

# रौतहटमा जग्गा विवाद उग्र : भतिजोसहित समूहद्वारा कुटपिट, चक्कु प्रहारको आरोप

*मेवालाल यादव*
*रौतहट, २८ वैशाख*

रौतहटको राजदेवी नगरपालिका-१ मा जग्गा सम्बन्धी पारिवारिक विवादले हिंसात्मक रूप लिँदा एक व्यक्ति घाइते भएका छन् । पीडितले आफ्नै भतिजोसहितको समूहले योजनाबद्ध रूपमा आक्रमण गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिएका छन् ।

घाइते हुनेमा साविक झुन्खुन्वा गाउँ विकास समिति वडा नं. १ हाल राजदेवी नगरपालिका-१ निवासी ३७ वर्षीय अर्जुन साह तेली रहेका छन् । उनका अनुसार विद्यालयमा छोराछोरीलाई छोडेर घर फर्किने क्रममा बाटोमै मोटरसाइकल रोकी उनीमाथि आक्रमण गरिएको हो ।

पीडितले दिएको निवेदनअनुसार सावन कुमार साह, सुमन कुमार साह, सुरज कुमार साह र साजन कुमार साहको समूहले गालीगलौज गर्दै लात-मुक्काले कुटपिट गरेको आरोप छ । कुटपिटका क्रममा सावन कुमार साहले चक्कु प्रहारसमेत गरेको दाबी गरिएको छ ।



घटनामा अर्जुन साह तेलीको दाहिने हातमा गम्भीर चोट लागेको तथा शरीरका विभिन्न भागमा निलडाम भएको परिवारले जनाएको छ । घाइते तेलीको गौरस्थित अस्पतालमा उपचार गरिएको बताइएको छ ।

पीडितका अनुसार आक्रमणकै क्रममा उनको खल्तीमा रहेको नगद १७ हजार ३०० रुपैयाँसमेत निकालिएको थियो । साथै, आरोपितहरूले ज्यान मार्ने धम्की दिएको पनि निवेदनमा उल्लेख गरिएको छ ।

घटनापछि पीडित अर्जुन साह तेलीले जिल्ला प्रहरी कार्यालय गौरमा जाँच केस फारमसहित निवेदन दर्ता गराउँदै संलग्न व्यक्तिहरूमाथि आवश्यक कानुनी कारवाही, पक्राउ तथा लुटिएको रकम फिर्ता गराइदिन माग गरेका छन् । प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरिएको जनाएको छ ।

# घुस लिएको आरोपमा सशस्त्र प्रहरी निरीक्षक विरूद्ध भ्रष्टाचार मुद्दा

*काठमाडौं, २८ वैशाख*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको आरोपमा सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार धनुषास्थित सशस्त्र प्रहरी बलको सुरक्षा बेस नक्टाझिजमा कार्यरत अधिकारीले कमला-ढल्केवर-बाग्मती सडक निर्माण आयोजनाअन्तर्गत भइरहेको माटो तथा ग्राभेल फिलिङ्ग कार्यमा संलग्न सवारीसाधन सञ्चालनमा अवरोध सिर्जना गर्दै सेवाग्राहीसँग रकम माग गरेका थिए ।

उजुरी तथा सूचनाका आधारमा अख्तियारको बर्दिवास कार्यालयबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट ४० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ ।




अख्तियारका अनुसार अनुसन्धानका क्रममा निरीक्षक अधिकारीले निर्माण कार्यमा प्रयोग भइरहेका सवारीसाधन रोक्ने, फिल्डमा माटो तथा ग्राभेल झार्न नदिने तथा विभिन्न बहानामा हैरानी दिने कार्य गर्दै सेवाग्राहीसँग घुस माग गरेको पुष्टि भएको छ ।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत ४० हजार रुपैयाँ बिगो कायम गर्दै सोही बराबर जरिवाना र कानुनबमोजिम कैद सजायको मागसहित विशेष अदालतमा आरोपपत्र दायर गरिएको जनाएको छ ।

सार्वजनिक निर्माण आयोजनामा खटिएका सुरक्षाकर्मीमाथि घुस तथा दुर्व्यवहारका आरोप बढिरहेका बेला यो घटनाले फेरि सुरक्षा निकायभित्रको आचरणमाथि प्रश्न उठाएको छ ।

# रौतहटेली हज यात्री र जनप्रतिनिधिबीच व्यापक भेटघाटः सुखद यात्राको कामनासहित बिदाइ

*शु. आ. सम्बाददाता*
*रौतहट, २८ बैशाख*

इस्लाम धर्मको पाँच अनिवार्य आधारस्तम्भ (फर्ज) मध्ये एक मानिने हजका लागि रौतहटबाट साउदी अरब जान लागेका हज यात्रीहरूलाई काठमाडौँमा जनप्रतिनिधि र राजनीतिक नेताहरूले उत्साहजनक रूपमा भेटघाट र बिदाइ गरेका छन् । यस वर्ष नेपालबाट कुल १ हजार २११ जना मुस्लिम श्रद्धालुहरू पवित्र तीर्थस्थल मक्का र मदिना प्रस्थान गर्दैछन्, जसमा रौतहट जिल्लाबाट मात्रै १८७ जना सहभागी छन् । हज यात्राका लागि काठमाडौँ आइपुगेका रौतहटेली यात्रीहरूलाई भेट्न र शुभकामना दिन जिल्लाका प्रभावशाली नेताहरू कश्मिरी मस्जिद र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । हज यात्रीहरूको पहिलो टोलीलाई बिदाइ गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । उनले ५१ जना हाजीहरूलाई फूलमाला र गम्छा ओढाएर सम्मान गर्दै उनीहरूको यात्रा सफल, सुरक्षित र फलदायी होस् भन्ने कामना गरे । शाहले भने, अल्लाह रबुलइज्जतले समस्त हाजीहरूको हज कबुल गरून्, यही मेरो प्रार्थना छ ।

रौतहटका विभिन्न नगरपालिकाका प्रमुख तथा प्रदेश र संघीय सांसदहरूले पनि काठमाडौँमा रहेका आफ्ना क्षेत्रका हज यात्रीहरूसँग घनिभूत भेटघाट गरेका छन् । परोहा नगरपालिकाका मेयर शेख वकिल र नेकपा नेता मो. अब्दुल्लाहले कश्मिरी मस्जिद पुगेर यात्रीहरूसँग भेट गर्दै शुभकामना आदानप्रदान गरे ।

यसै क्रममा रौतहट क्षेत्र नं. २ (क) का विधायक जैद आलम, संघीय सांसद डा. फिरदोस आलम, राजपुर नगरपालिकाका मेयर डा. राजिक आलम, वीरगन्ज महानगरपालिकाका

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका